# भाग ३

## नेपाल सरकार

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको

## सूचना

### संवत् २०८२ सालको नियमावली (नेराप) नम्बर ३५

### मानव अधिकार पुरस्कार कोष सञ्चालन (पहिलो संशोधन) नियमावली, २०८२

मानव अधिकार पुरस्कार कोष सञ्चालन नियमावली, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "मानव अधिकार पुरस्कार कोष सञ्चालन (पहिलो संशोधन) नियमावली, २०८२" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **मानव अधिकार पुरस्कार कोष सञ्चालन नियमावली, २०७५ को नियम ३ मा संशोधन** : मानव अधिकार पुरस्कार कोष सञ्चालन नियमावली, २०७५ (यस पछि "मूल नियमावली" भनिएको) को नियम ३ को उपनियम (१) मा रहेका "प्रत्येक वर्ष" भन्ने शब्दहरूको सट्टा "प्रत्येक दुई वर्षमा एक पटक" भन्ने शब्दहरू राखिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. **<u>मूल नियमावलीको नियम १३ मा संशोधन</u>** : मूल नियमावलीको नियम १३ को उपनियम (१) मा रहेका "प्रत्येक वर्ष" भन्ने शब्दहरूको सट्टा "प्रत्येक दुई वर्षमा एक पटक" भन्ने शब्दहरू राखिएका छन्।

**आज्ञाले,**
**पाराश्वर ढुङ्गाना**
**नेपाल सरकारको सचिव।**

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।